# घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७६।०४।३०

यस एनइए ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडको कार्यालय विस्तारका लागि तपसिलमा उल्लेखित क्षेत्रमा घर बहालमा लिनुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट तपसिलमा उल्लेख भएको शर्त बमोजिमको सुविधा उपलब्ध गराउने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई मासिक भाडा रकम (बिजुली र अन्य सेवा शुल्क तथा कर समेत उल्लेख प्रष्ट हुने गरी) उल्लेख गरी निम्न ठेगानामा सम्पूर्ण उल्लेखित कागजात सहितको सिलबन्दि प्रस्ताव आह्वान गरिएको छ ।

**क्षेत्र:**

- हाल यस एनइए ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडको कार्यालय रहेको थापाथली स्थित ट्रेड टावर विजनेश सेन्टरबाट २ किलोमिटर सडक मार्ग भित्रको क्षेत्र ।
- कम्तिमा १० मीटरको मुलबाटो भएको र भित्री बाटो भएमा कम्तिमा ६ मिटरको बाटो भई मुल सडकबाट १०० मिटरको दुरी भित्रको क्षेत्र ।

**न्युनतम आधार भुत आवश्यकता:**

- भाडाका लागि प्रस्तावित घर वा फ्ल्याट एकै तल्लामा करिब २,७०० वर्ग फिट बराबरको क्षेत्रफल भएको हुनुपर्नेछ ।
- प्रस्तावित घर RCC Frame Structure को हुनुपर्नेछ ।
- प्रस्तावित घर भुकम्प निरोधक प्रमाणित प्रमाण पत्र प्राप्त भएको हुनुपर्नेछ ।
- प्रस्तावित घर वा फ्ल्याटमा विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था समेत भएको हुनुपर्नेछ ।
- कम्तिमा ५ वटा गाडी तथा १० वटा मोटरसाईकल पार्किङ्ग स्थल भएको हुनुपर्नेछ ।
- कम्तिमा २ वटा ट्वाईलेट बाथरुम भएको हुनुपर्नेछ ।
- घर/फ्ल्याटको सुरक्षाको व्यवस्था भएको हुनुपर्नेछ ।
- घरभाडामा दिने न्यूनतम अवधि खुलाईएको तथा सो अवधि पछि घरभाडा सम्झौता नवीकरण गर्न सकिने व्यवस्था स्पष्ट भएको हुनुपर्नेछ।

**प्रस्तावको साथ संलग्न हुनुपर्ने कागजातहरु:**

- घर भएको क्षेत्रस्पष्ट हुने गरी सो को अवस्थिति (लोकेशन) नक्शा, कार्पेट एरियाको नाप सहितको नक्शा, घरको फोटो, घरको स्वीकृत नक्शा र निर्माण सम्पन्न प्रमाण पत्र ।
- घर भएको जग्गाको लालपूर्जा तथा घरधनीको नागरीकताको फोटोकपी तथा आ.व. २०७४/०७५ को घरजग्गाको कर तिरेको रसिद/निस्सा ।
- प्रस्तावित घर उपर कुनै प्रकारको झैझगडा तथा मुद्दा मामिला नभएको भन्ने घरधनीको हस्ताक्षर सहितको घोषणापत्र ।


<u>प्रस्ताव पेश गर्ने ठेगाना:</u>

**एनइएईन्जिनियरिङ्ग कम्पनी लिमिटेड को कार्यालय**

ट्रेड टावर विजनेश सेन्टर, दोश्रो तल्ला, थापाथली, काठमाडौ ।

फोन नं. ०१- ५१११०२४/०१- ५१११०२५